
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## वार्षिक प्रतिवेदन

(आ.व.२०७९/८०)




## नेपाल राष्ट्र बैंक

### जनकपुर कार्यालय

(२०८० कात्तिक)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप यस बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरूमध्ये जनकपुर कार्यालय अन्तर्गत (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) र वीरगञ्ज कार्यालय अन्तर्गत (रौतहट, बारा र पर्सा) सहितको आर्थिक तथा वित्तीय अवस्थाको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरुको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायत अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा तथ्याङ्क संकलन तथा प्रशोधन गरी यो वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरुलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषणसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी वर्षको परिदृश्य समेत चित्रण गरिएको छ ।

"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" कार्यान्वयनमा आए पश्चात् मधेश प्रदेशका ८ वटै जिल्लाहरुको वार्षिक तथ्याङ्कलाई आधार मानी तयार गरिएको यो अध्ययन प्रतिवेदनले नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरुलाई प्रादेशिक आर्थिक अवस्था लगायत विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ । यो अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न रहनुहुने यस कार्यालयका कर्मचारीहरु तथा आर्थिक अनुसन्धान विभागबाट प्राप्त मार्गनिर्देशनका लागि हार्दिक आभार प्रकट गर्दछु ।

निर्देशक

अशोक घिमिरे

नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय

# विषय सूची


पेज नं.

भूमिका i

विषय सूची ii

तालिका सूची iv

चार्ट सूची iv

कार्यकारी सारांश v

परिच्छेद : १ परिचय १-३

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा ३

परिच्छेद : २ प्रदेशको तुलनात्मक स्थिति ४-९

२.१ कुल गार्हस्थ्य उत्पादन ४

२.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति ६

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ७

परिच्छेद : ३ कृषि क्षेत्र १०-१९

३.१ कृषि उपजले ढाकेको भू–क्षेत्र १०

३.२ कृषि उत्पादन १२

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १४

३.४ सिँचाइ तथा मौसम १५

३.५ क्षेत्रगत कृषि कर्जा १६

३.६ सहुलियतपूर्ण कर्जा १७

३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना १७

परिच्छेद : ४ उद्योग क्षेत्र २०-२६

४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन २०

४.२ समग्र औद्योगिक कर्जा स्थिति २२

४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति २३

४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना २४

परिच्छेद : ५ सेवा क्षेत्र २७-३५

५.१ पर्यटन २७

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २८

५.३ वित्तीय सेवा २९

५.४ निक्षेप तथा कर्जा स्थिति ३०

५.५ यातायात ३०

५.६ सेवा क्षेत्र कर्जा ३१

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ३१

**५.८ सहकारी क्षेत्र ३२**

**५.९ सेवा क्षेत्रको सम्भावना र चुनौती ३३**

परिच्छेद : ६ पूर्वाधार र रोजगारी ३६-४२

६.१ पूर्वाधार क्षेत्र ३६

६.२ रोजगारी ३८

६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ४०

परिच्छेद : ७ प्रादेशिक कार्यक्रम तथा योजना ४३-४४

७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति ४३

७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ४३

परिच्छेदः ८ आर्थिक परिदृश्य ४५-४६

८.१ प्रदेशको आर्थिक परिदृश्य ४५

## तालिका सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ५ |
| तालिका २.२: मधेश प्रदेशको जनसंख्या विवरण | ७ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | ११ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १३ |
| तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १३ |
| तालिका ३.४: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | १४ |
| तालिका ३.५: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | १५ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा) | १६ |
| तालिका ३.७: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | १७ |
| तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | २३ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २८ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू | २९ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको स्थिति | २६ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | ३२ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा) | ३२ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | ३९ |
| तलिका ७.१ मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ४४ |


## चार्ट सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ४ |
| चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल | १० |
| चार्ट ३.२: सिंचित भूमिको क्षेत्रफल (हेक्टरमा) | १६ |
| चार्ट ४.१: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | २० |
| चार्ट ४.२: प्रमुख उद्योगको उत्पादन वृद्धि ( प्रतिशतमा) | २२ |
| चार्ट ४.३: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | २४ |
| चार्ट ५.१ : पर्यटक आगमनको संख्या | २७ |
| चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा) | ३० |
| चार्ट ५.३ पूँजी, वचत र ऋण लगानीको अवस्था (दश लाखमा) | ३३ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएको आर्थिक गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७९/८० को वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

**समष्टिगत आर्थिक स्थिति**

१. यस आर्थिकवर्षको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मुल्यमा रु. ५३ खर्ब ८१ अर्ब रहने अनुमान छ त्यस्तै मधेश प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ता मूल्यमा रु. ७ खर्ब ७ अर्ब रहने अनुमान छ ।

२. कुल गार्हस्थ्य उत्पादन वृद्धि दर चालु आ.व.मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६ प्रतिशत अनुमान गरिएकोमा मधेश प्रदेशको आर्थिक बृद्धिदर १.६९ प्रतिशत रहने अनुमान छ ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबभन्दा बढी योगदान ३५.२ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२ प्रतिशत खानी तथा उत्खनन क्षेत्रको रहेको छ ।

**कृषि**

४. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफलमा ३.१६ प्रतिशतले वृद्धि भई १० लाख ३७ हजार ४४ हेक्टर पुगेको छ ।

५. यस आर्थिक वर्षमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ३.२५ प्रतिशतले ह्रास आई ६१ लाख ८२ हजार १ सय ३४ मे.टन पुगेको छ ।

६. समीक्षा वर्षमा दुधको उत्पादनमा १.७० प्रतिशत, मासुको उत्पादनमा १.३७ प्रतिशत, अण्डाको उत्पादन १.८८ प्रतिशत र माछाको उत्पादनमा ५.२७ प्रतिशत वृद्धि भएको छ ।

७. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा कुल कर्जाको १२.५५ प्रतिशत पुगी रु.५३ अर्ब ९५ करोड पुगेको छ ।

**उद्योग**

८. समीक्षा वर्षमा यस प्रदेशका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ५४.२५ प्रतिशत रहेको छ भने उत्पादन वृद्धि औसतमा (Average Production Growth) ५.२३ प्रतिशत रहेको छ ।

९. समीक्षा वर्षमा यस प्रदेशमाा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ७.३० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९ अर्ब ५९ करोड पुगेको छ ।

१०. मधेश प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३१ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स एवम् धातुका सामान उत्पादन तर्फ ५ प्रतिशत, निर्माण उद्योगतर्फ ६ प्रतिशत, खानी उद्योगतर्फ २ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ १ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**सेवा**

११. समीक्षा वर्षमा मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या र पर्यटकको आगमनमा क्रमशः ३६.९९ प्रतिशत र ५५.३७ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेसन संख्यामा ७५.२७ प्रतिशतले ह्रास भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा २६.६ प्रतिशतले वृद्धि भएको छ ।

१३. बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा वर्षमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप १३.२५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ९६ अर्ब ५० करोड पुगेको छ भने यस प्रदेशमा प्रवाह गरेको कर्जा ४.६८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५० अर्ब २१ करोड पुगेको छ ।

**पूर्वाधार र रोजगारी**

१४. प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम रहेका छन् ।

१५. आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ८१ हजार ६ सय १३ रहेको छ जुन संख्या मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २३.५५ प्रतिशत हो ।

# परिच्छेदः १
## परिचय

### १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोही बमोजिम प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को साउनदेखि असारसम्मको वार्षिक विवरणमा अधारित रहेको छ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जुमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुका साथै प्रदेश स्तरमा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने देखियो । फलस्वरुप आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) तयार गरी मार्गदर्शनमा उल्लेख भए बमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था भएको छ। सो अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

### १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। साथै पर्यटन क्षेत्रमा सर्लाही जिल्लाको भरत ताल, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पुर्व पश्चिम रेलमार्ग, नवीकरणीय उर्जा उत्पादनमा ढल्केबरस्थित मिथिला सोलार प्लाण्ट, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरण बारेमा समेत यस अध्ययन प्रतिवेदनमा विश्लेषण गरिएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका

सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन, सडक डिभिजन कार्यालयबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्यांङ्क बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्वको रकम नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १३ वटा होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ । यातायाततर्फ सवारी संख्या सम्बन्धी  विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा वचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

### १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरू समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन ।

यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूका प्रशासनिक र केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ

उद्योगहरू तथा कतिपय भईरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ ।

भौतिक निर्माणतर्फ स्थानीय निकायहरूले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरूका जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सो सम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमूना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई आधिकारीक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ७ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति र हालको अवस्था बारे प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

## परिच्छेद २

## प्रदेशको तुलनात्मक स्थिति

### २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान गरेको छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.९ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ।


**राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा**

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.६९ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.७ खर्ब ७ अर्ब पुगेको अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.२, ११.३ र ५३.५ प्रतिशत रहने अनुमान गरिएको छ।

कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) आर्थिक वर्ष २०७९/८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३५.२ प्रतिशत रहने अनुमान छ । त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १७.४ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७७.४ प्रतिशत रहेको छ।

प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा ११.९ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, उद्योग क्षेत्रको योगदान सबैभन्दा कम कर्णाली प्रदेशको १०.१ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान कोशी प्रदेशको ५० प्रतिशत रहेको छ। मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.२ प्रतिशत, ११.३ प्रतिशत र ५३.५ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)





स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

### राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७९/८० को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत तथा मधेश प्रदेश को हिस्सा १३.३ प्रतिशत रहेको अनुमान छ । यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट २.२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)




(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)

### प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

हालका दिनहरुमा नेपालमा कोभिड-१९ को प्रभावको अवस्था छैन । तथापि, विश्वका अन्य देशहरुमा भएका घटनाले विश्वव्यापीरुपमा आपूर्ती श्रृंखला खलबलिएको तथा पेट्रोलीयम पदार्थ लगायतका वस्तुमा भएको मुल्य वृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.७ प्रतिशत रहने अनुमान रहेको छ । गत वर्ष यस्तो वृद्धिदर ४.६ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । समीक्षा वर्षमा प्रदेशगत रुपमा उपभोक्ता मूल्यमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.३ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम १.४ प्रतिशत रहने अनुमान छ । यस सम्बन्धी विवरण तालिका २.१ मा देखाइएको छ ।

**तालिका २.१ प्रदेशगत आर्थिक बृद्धि उपभोक्ताको मूल्यमा (प्रतिशत)**

| प्रदेश | २०७८/७९ | २०७९/८० |
|---|---|---|
| कोशी | ५.५ | २.० |
| मधेश | ४.६ | १.७ |
| बागमती | ६.३ | १.४ |
| गण्डकी | ६.४ | ३.३ |
| लुम्बिनी | ५.० | २.१ |
| कर्णाली | ५.३ | १.९ |
| सुदूरपश्चिम | ४.८ | १.८ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०७९/८० मा कुल निक्षेप परिचालनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ६८.२९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.१७ प्रतिशत मात्र रहेको छ। कुल निक्षेप परिचालनमा मधेश प्रदेशको योगदान ५.०९ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ५०.५४ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशको हिस्सा २.८८ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा मधेश प्रदेशको हिस्सा ८.२९ प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३४.३५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५७ प्रतिशत रहेको छ। मधेश प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १७.१० प्रतिशत रहेको छ। विपन्न वर्गमा प्रवाहित कर्जा मध्ये सबै भन्दा बढी बागमती प्रदेशमा ४८.०६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.४६ प्रतिशत रहेको छ। कुल विपन्न वर्गमा प्रवाहित कर्जा मध्ये मधेश प्रदेशको अंश ८.७४ प्रतिशत रहेको छ।

सहुलियतपूर्ण कर्जा तर्फ सबभन्दा बढी सुदुरपश्चिम प्रदेशमा ५४.३८ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबभन्दा कम ०.८१ प्रतिशत प्रवाह भएको देखिन्छ। पुनरकर्जा तर्फ पनि सबभन्दा बढी सुदुरपश्चिम प्रदेशमा ४५.९२ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम १.१२ प्रतिशत मात्र प्रवाह भएको देखिन्छ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११ हजार ५ सय २८ मध्ये सबै भन्दा बढी बागमती प्रदेशमा ३ हजार ३ रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा केवल ४ सय ५५ शाखाहरू रहेको छ। समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालित बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १ हजार ७ सय ४५ रहेको छ। त्यसैगरी शाखारहित बैकिङ्ग सेवा सबै भन्दा बढी प्रदेश १ मा ५ सय ७६ स्थानमा र सबैभन्दा कम कर्णाली प्रदेशमा ४२ स्थानमा संचलन भईरहेको छ भने मधेश प्रदेशमा यस्तो सेवा २ सय १ स्थानमा सञ्चालनमा रहेको छ।

यसैगरी मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ५२ लाख ६६ हजार ७ सय २२ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ३ लाख ९१ हजार ७ सय ५९ रहेको छ। इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६ लाख ६७ हजार ६ सय ५२ र सबैभन्दा कम कर्णाली प्रदेशमा ७ हजार ८ सय ७५ रहेका छन्। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता १३ लाख ९ हजार ८ सय ३९ र इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता ८० हजार ४ सय ४६ रहेका छन्। त्यसैगरी ए.टि.एम. मेशिनको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा २ हजार १ सय ४७ र सबैभन्दा कम कर्णाली प्रदेशमा ८८ रहेको छ भने मधेश प्रदेशमा सो संख्या ४ सय २ रहेको छ। यस सम्बन्धी विवरण तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ७.१३ | ५.०९ | ६८.२९ | ७.७५ | ८.३१ | १.१७ | २.२५ |
| कुल कर्जामा अंश (%) | १०.४९ | ८.२९ | ५०.५४ | ६.८२ | १०.३९ | १०.५९ | २.८८ |
| कृषि कर्जाको अंश (%) | १७.२८ | १७.१० | ३४.३५ | ८.९४ | १५.९४ | १.५७ | ४.८२ |
| विपन्न क्षेत्र कर्जा (%) | १४.११ | ८.७४ | ४८.०६ | ११.३१ | १२.७१ | १.४६ | ३.६२ |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | ३.४० | ५.८३ | १८.९९ | ७.८७ | ८.७२ | ०.८१ | ५४.३८ |
| पुनरकर्जाको अंश (%) | १६.६६ | ३.५१ | १९.०० | ५.३१ | ८.४९ | १.१२ | ४५.९२ |
| शाखा संख्या (क,ख,ग र घ वर्ग) | १,८५७ | १,७४५ | ३,००३ | १,४१६ | २,२१२ | ४५५ | ८४० |
| शाखा रहित बैंकिङ्ग सेवा | ३६७ | २०१ | ३०४ | १६१ | २५५ | ४२ | १९६ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | १८,६२,४९८ | १३,०९,८३९ | ५२,६६,७२२ | १५,५७,६१२ | २१,७७,३१८ | ३,९१,७५९ | ८,६६,३८४ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता | ९९,८५६ | ८०,४४६ | ६,६७,६५२ | १,२६,३७६ | १,४१,२६७ | ७,८७५ | २६,७५० |
| ए.टि.एम. मेशिन | ५७६ | ४०२ | २,१४७ | ५५७ | ६१३ | ८८ | २१९ |

स्रोतः नेपाल राष्ट्र बैंक

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

### प्रादेशिक क्षमता र सम्भावना

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको सबैभन्दा बढी ५३.६ प्रतिशत योगदान रहेको छ भने उद्योग क्षेत्रको सबैभन्दा कम योगदान ११.९ प्रतिशत रहेको छ । भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावित प्रदेशको रुपमा रहेको छ । समष्टीगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- कृषियोग्य भूमिको प्रचुरता, यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता तथा वैदेशिक व्यापारको लागि प्रस्थान विन्दु समेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।
- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज रहेको छ ।

- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण धेरै संख्यामा भारतीय पर्यटकहरूको आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।
- पोखरा पछि धेरै ताल तथा पोखरीहरू रहेको जनकपुरधाम जस्ता शहर मधेश प्रदेशमा रहेकाले यहाँस्थित पोखरीहरूको सरसफाई तथा सडक पूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।
- सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय भएको र यो ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरू समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशलाई जयनगर, जनकपुर कुर्था रेलवे सेवाले भारतीय सीमासँग जोडेकोले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्न सके र साथै भारतीय पर्यटकहरूलाई आवागमनमा सुविधा भएकोले सोबाट लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- यो प्रदेशमा मुलुकको कुल जनसंख्याको करिब २०.९९ प्रतिशत वसोवास गर्ने भएकोले औद्योगिक उत्पादन र खपतका लागि ठूलो अवसर हुनुका साथै श्रमशक्ति तथा श्रमबजारको समेत लाभ रहेको छ ।
- मुलुककै ठूलो जलाशय रहेको सप्तकोशी नदी प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने पर्यटकको लागि उपयुक्त रहेकोले त्यहाँबाट पनि पर्यटन प्रवर्द्धनको सम्भावना रहेको छ ।
- प्रदेशको नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना भएकोले सो अवलोकन गर्ने पर्यटकलाई आकर्षित गर्न सके र साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलाप समेत वृद्धि गर्न सकिने देखिएको हुँदा सो को प्रवर्द्धन र विकासका लागि स्तरीय होटल तथा लज सञ्चालन हुन सकेमा रोजगारी श्रृजना हुनका साथै पर्यटकीय गतिविधि विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

**प्रादेशिक चुनौती**

- शहरी क्षेत्रका सडकमा जताततै थुप्रने फोहोर तथा निर्माण सम्पन्न हुन नसकेका सडकबाट उत्सर्जन हुने धुलोको कारण देखिएको वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नु ।
- शैक्षिक गुणस्तरमा सुधार गरी मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगंज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हवको रुपमा विकास गर्नु ।

- धेरै अगाडिदेखि माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूको माछा उत्पादन क्षमता अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्नु ।
- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशको तुलनात्मक लाभ लिँदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशबाट औद्योगिक क्षेत्रमा योगदान वृद्धि गर्नु ।
- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, उत्पादनमूलक उद्योग धन्दा तथा कलकारखाना स्थापना गरी उत्पादन बढाउनुका साथै रोजगारी श्रृजना गर्नु ।
- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।
- कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीको लागि विदेशमा रहेका युवाहरूले पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।
- पर्सा वन्य जन्तु आरक्षण, नजिकै रहेको कोशी टप्पु वन्यजन्तु आरक्षण, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल, प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्नु ।
- वर्षेनी श्रम बजारमा प्रवेश गर्ने यहाँका जनशक्तिलाई उचित रोजगारीको अवसर उपलब्ध गराउनुका साथै उत्पादनमुलक काममा लगाउनु ।
- श्रम बजारमा व्याप्त श्रमको अल्प उपयोगलाई सकेसम्म बढी उपयोग हुने वातावरण तयार गर्नुका साथै पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिनु, मुलुकको सबै क्षेत्रमा पुग्न सहज यातायात सञ्जालको लाभ लिँदै आर्थिक क्रियाकलापमा वृद्धि गरी प्रदेशलाई आर्थिक रुपले समृद्ध बनाउनु ।

# परिच्छेद ३
## कृषि क्षेत्र


### ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफलमा ३.१६ प्रतिशतले वृद्धि भई १० लाख ३७ हजार ४४ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही वर्षमा उक्त भू-क्षेत्रफलमा ०.३ प्रतिशतले ह्रास भई १० लाख ६ हजार ६ सय ८३ हेक्टर पुगेको थियो ।

**खाद्य तथा अन्य बाली**

समीक्षा वर्षमा आलुले ढाकेको क्षेत्रफलमा १.९९ प्रतिशतले वृद्धि भएको छ भने दलहनले ढाकेको क्षेत्रफलमा ९.८० प्रतिशतले ह्रास आएको छ। धान, तेलहन र गहुँले ढाकेको क्षेत्रफलमा क्रमशः ६.३१, ७.०१ र २४.९१ प्रतिशतल वृद्धि भएको छ। समग्र खाद्य तथा अन्य बालीले ढाकेको भू-भागमा ५.४६ प्रतिशतले वृद्धि भएको छ भने गत आर्थिक वर्षमा उक्त भू-क्षेत्रफलमा ०.४३ प्रतिशतले ह्रास आएको थियो। यस सम्बन्धी तथ्याङ्कलाई चार्ट ३.१ मा प्रस्तुत गरिएको छ।

चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल




स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू

**तरकारी तथा बागवानी**

समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १६.९९ प्रतिशतले वृद्धि भई ९८ हजार ८ सय ६५ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही वर्षमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा २.६० प्रतिशतले वृद्धि भई ८४ हजार ५ सय ७ हेक्टर पुगेको थियो। तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रको वृद्धि हुँदै जानुमा समीक्षा वर्षमा मधेश प्रदेशमा हिउँदे वर्षा नभएकाले तरकारी तथा बागबानी खेती

लगाउन उपयुक्त वातावरण रहेको छ। तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफलमा महोत्तरी जिल्लामा सबैभन्दा बढी २३ हजार हेक्टर अर्थात् कुल मधेश प्रदेशको २३.२६ प्रतिशत र पर्सा जिल्लामा सबभन्दा कम ४ हजार ४ सय ५० हेक्टर अर्थात् कुल मधेश प्रदेशको ४.५० प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| क.सं. | जिल्ला | आ.व. २०७८/७९ | आ.व. २०७९/०८० | (हिस्सा प्रतिशत) आ.व.२०७९/०८० |
|---|---|---|---|---|
| १ | सप्तरी | १०,३८५ | ११,००० | ११.१३ |
| २ | सिराहा | ८,६३५ | ११,८४५ | ११.९८ |
| ३ | धनुषा | ८,६२० | ८,६३० | १०.२० |
| ४ | महोत्तरी | १७,८०० | २३,००० | २३.२६ |
| ५ | सर्लाही | १३,०८२ | १७,३५० | १७.५५ |
| ६ | रौतहट | १०,४०० | १०,८०० | १०.९२ |
| ७ | बारा | ११,७९५ | ११,७९० | ११.९३ |
| ८ | पर्सा | ३,७९० | ४,४५० | ४.५० |
| | जम्मा | ८४,५०७ | ९८,८६५ | १००.०० |

स्रोतः सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र

**फलफूल तथा मसला**

यस आर्थिक वर्षमा फलफूलले ढाकेको भू-क्षेत्रफलमा ०.९० प्रतिशतले वृद्धि भई ६६ हजार २ सय ६९ हेक्टर पुगेको छ भने मसलाले ढाकेको भू-क्षेत्रफलमा २.४५ प्रतिशतले वृद्धि भई १३ हजार ९ सय ३० हेक्टर पुगेको छ। फलफूलले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा १.८८ प्रतिशतले ह्रास भएको छ भने केराले ढाकेको क्षेत्रफलमा ५.०६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी मसलाले ढाकेको क्षेत्रफलमध्ये प्याजले ढाकेको क्षेत्रफलमा ९.२५ प्रतिशतले ह्रास आएको छ भने लसुन, अदुवा र बेसारले ढाकेको क्षेत्रफलमा क्रमशः १६.९१ प्रतिशत, ४४.०१ प्रतिशत र १.८८ प्रतिशतले वृद्धि भएको छ।

गत आर्थिक वर्षमा फलफूलले ढाकेको भू-क्षेत्रफलमा २.३६ प्रतिशतले वृद्धि भएको थियो भने मसलाले ढाकेको भू-क्षेत्रफलमा ०.७५ प्रतिशतले वृद्धि भएको थियो। फलफूलले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा २.३७ प्रतिशतले र केराले ढाकेको क्षेत्रफलमा १.८१ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी मसलाले ढाकेको क्षेत्रफलमध्ये बेसार र लसुन ढाकेको क्षेत्रफलमा क्रमशः ०.१३ प्रतिशत र ३.२२ प्रतिशतले वृद्धि भएको थियो भने प्याज र अदुवाले ढाकेको क्षेत्रफलमा क्रमशः ०.०३ प्रतिशत र ०.१३ प्रतिशतले ह्रास आएको थियो।

## ३.२ कृषि उत्पादन

यस आर्थिक वर्षमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ३.२५ प्रतिशतले ह्रास आई ६१ लाख ८२ हजार १ सय ३४ मे.टन पुगेको छ । खाद्य बाली अन्तर्गत कुल खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भए तापनि सिँचाई सुविधामा उल्लेखनीय वृद्धि नहुनु, मलखाद र बीउ बिजनको सहज उपलब्धता नहुनु र बेमौसमी वर्षात् तथा बाढीको कारण खाद्य तथा बालीहरूको उत्पादनमा ह्रास आएको हो भने समग्र कृषि बालीहरूको उत्पादनमा ह्रास आउनुमा पर्सा जिल्लामा अवस्थित श्रीराम सुगर मिल्स बन्द हुन गएकोले त्यस क्षेत्रमा उल्लेखनिय रुपमा उखु खेती गर्ने किसानहरू घटेकोले उत्पादन घट्नु तथा उखु किसानहरूले समयमै उखुको मुल्य नपाएकोले थप बाली लगाउन प्रोत्साहित नहुँदा समग्रमा उखुको उत्पादन घट्नु आदि प्रमुख कारणहरू रहेको देखिन्छ । गत आर्थिक वर्षमा यस्तो बालीको कुल उत्पादनमा ०.४ प्रतिशतले ह्रास आएको थियो ।

### खाद्य तथा अन्य बाली

यस आर्थिक वर्षमा धान, मकै, आलु, गहुँ, दलहन र तेलहनको उत्पादनमा क्रमशः १०.६२, ३२.८४, २.६५, १.८८, १५.४७ र १९.३५ प्रतिशतले वृद्धि भएको छ भने सुर्ती, र उखुको उत्पादनमा क्रमशः २०.५२ र ३३.१८ प्रतिशतले ह्रास आएको छ । पर्सा जिल्लामा अवस्थित श्रीराम सुगर मिल्स बन्द हुन गएकोले त्यस क्षेत्रमा उल्लेखनिय रुपमा उखु खेती गर्ने किसानहरू घटेकोले उत्पादन घट्नु तथा उखु किसानहरूले समयमै उखुको मुल्य नपाएको साथै उखु खेती भन्दा खाधान्न बालीमा उत्पादन राम्रो हुने भएकोले थप बाली लगाउन प्रोत्साहित नहुँदा समग्रमा उखुको उत्पादनमा ह्रास आएको हो ।

गत आर्थिक वर्षमा धान, उखु, दलहन, र तेलहन वाहेक अन्य सबैको उत्पादनमा वृद्धि भएको थियो । धान, उखु, दलहन, र तेलहनको उत्पादनमा भने क्रमशः ३.२४, १.३४, ०.१९ र ०.७२ प्रतिशतले ह्रास आएको थियो । मधेश प्रदेशको यस आर्थिक वर्षको खाद्य तथा अन्य बालीको उत्पादन सम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | आ.व. २०७९/८० | | | | | |
| | | खाद्य तथा अन्य बाली | हिस्सा % | तरकारी तथा बागबानी | हिस्सा % | फलफूल तथा मसला | हिस्सा % |
| १ | सप्तरी | ३६२५६९ | ८.४३ | १३२००० | १०.३८ | १६८१३८ | २७.५७ |
| २ | सिराहा | ५२९५४६ | १२.३१ | १२००८४ | ९.४४ | ४०८९० | ६.७० |
| ३ | धनुषा | ४७१३७६ | १०.९६ | १०२२१५ | ८.३६ | ३७१७१ | ६.९४ |
| ४ | महोत्तरी | ४९९८२० | ११.६२ | २९९००० | २३.५० | ५९३६० | ९.७३ |
| ५ | सर्लाही | ९०७१३२ | २१.०९ | २६०२५० | २०.४६ | १२०४२० | १९.७४ |
| ६ | रौतहट | ४७७५२० | ११.१० | १११५०३ | ८.७७ | ७९९८८ | १३.११ |
| ७ | बारा | ५८३९७३ | १३.५८ | १७४२०३ | १३.६७ | ९५९८४ | १५.७३ |
| ८ | पर्सा | ४६८४३६ | १०.८९ | ७२६०० | ५.७१ | ७९५५ | १.३० |
| | जम्मा | ४३,००,३७२ | १००.०० | १२,७१,८५५ | १००.०० | ६०९,९०७ | १००.०० |

स्रोतः सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र

**तरकारी तथा बागवानी**

यस प्रदेशमा समीक्षा वर्षमा तरकारी तथा बागवानीको उत्पादन ९.८८ प्रतिशतले वृद्धि भई १२ लाख ७१ हजार ८ सय ५५ मे. टन पुगेको छ। गत वर्षको सोही वर्षमा तरकारी तथा बागवानीको उत्पादन २.५५ प्रतिशतले वृद्धि भएको थियो । उत्पादित तरकारी मध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा २ लाख ९९ हजार मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २३.५१ प्रतिशत उत्पादन भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ७२ हजार ६ सय मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ५.७१ प्रतिशत उत्पादन भएको छ। यस सम्बन्धी विवरण तालिका नं.३.३ मा प्रस्तुत गरिएको छ।

| तालिका ३.३ :मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०७९/८० हिस्सा (प्रतिशत) |
| १ | सप्तरी | १,२४,६२० | १,३२,००० | १०.३८ |
| २ | सिराहा | ९८,६४२ | १,२०,०८४ | ९.४४ |
| ३ | धनुषा | ९४,४०० | १,०२,२१५ | ८.०४ |
| ४ | महोत्तरी | ३,११,५०० | २,९९,००० | २३.५१ |
| ५ | सर्लाही | १,७२,३२४ | २,६०,२५० | २०.४६ |
| ६ | रौतहट | १,०९,९०० | १,११,५०३ | ८.७७ |
| ७ | बारा | १,७३,६३८ | १,७४,२०३ | १३.७७ |
| ८ | पर्सा | ७२,४५० | ७२,६०० | ५.७१ |
| | जम्मा | ११,५७,४७४ | १२,७१,८५५ | १००.०० |

स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र

**फलफूल तथा मसला**

समीक्षा वर्षमा फलफूल उत्पादन १.५४ प्रतिशतले ह्रास आएको र र मसला उत्पादन १९.४२ प्रतिशतले वृद्धि भएको छ भने गत आर्थिक वर्षको सोही वर्षमा फलफुलको उत्पादनमा २.१० प्रतिशतले र मसलाको उत्पादनमा ३.२६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा फलफूलको उत्पादन मध्ये केराको उत्पादन ५७.७० प्रतिशतले वृद्धि भएको छ भने आँपको अत्पादनमा २६.१३ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी मसलाको उत्पादन मध्ये लसुन, प्याज, बेसार, अदुवा र अन्य मसलाको उत्पादनमा क्रमशः २.०४, २२.१५, १७.१६, ३७.४५ र ८.११ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा केरा तथा अन्य फलफूलको उत्पादनमा वृद्धि हुनुमा विगत केही वर्ष अघिदेखि फलफूल खेती तर्फ किसानहरूको आकर्षण बढ्दै गएकोले खेती गरिएको जग्गाको क्षेत्रफलमा वृद्धि हुनु हो ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छीजन्य उत्पादन**

समीक्षा वर्षमा दुधको उत्पादनमा १.७० प्रतिशत, मासुको उत्पादनमा १.३७ प्रतिशत, अण्डाको उत्पादन १.८८ प्रतिशत र माछाको उत्पादनमा ५.२७ प्रतिशत वृद्धि भएको छ भने छालाको उत्पादनमा ३.१२ प्रतिशतले ह्रास आएको छ । गत बर्षको यसै वर्षमा छालाको उत्पादनमा ४.८८ प्रतिशत, माछाको उत्पादनमा ६.४२ प्रतिशत, मासुको उत्पादन ६.४९ प्रतिशत र अण्डाको उत्पादन २.३३ प्रतिशत वृद्धि भएको थियो भने दुधको उत्पादनमा १.२७ प्रतिशतले ह्रास आएको थियो ।

समीक्षा वर्षमा कुल दुध उत्पादन मध्ये सिराहा जिल्लाको हिस्सा सबैभन्दा बढी २०.२५ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम ६.४० प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा वर्षमा कुल मासु उत्पादन मध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २७.४६ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम ३.४१ प्रतिशत रहेको छ र कुल अण्डा उत्पादन मध्ये सप्तरी जिल्लाको हिस्सा सबैभन्दा बढी ३३.६३ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम २.५२ प्रतिशत रहेको छ । पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण तालिका ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४: समीक्षा वर्षमा प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | दुध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०७८/७९ | आ.व. ०७९/८० |
| सप्तरी | ४९,७९० | ५०११६ | ११,२५१ | ११३३७ | ३४,५८५ | ३४९८५ |
| सिराहा | १२६,१४१ | १२९९२५ | १३,३५४ | १३८०३ | ८,४८४ | ८८१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **धनुषा** | ४०,१०५ | ४१०८७ | ४,६५१ | ४७५८ | २,५१९ | २६२४ |
| **महोत्तरी** | ८१,७८९ | ८१४२३ | १८,७९६ | १९४४५ | ८,८६७ | ९००४ |
| **सर्लाही** | ८३,३०६ | ८४९७२ | २१,६७९ | २२१५० | ८,४७८ | ८५८३ |
| **रौतहट** | ५१३२० | ५२२९४ | १५,८७६ | १५९७९ | ४,६६८ | ५०३६ |
| **बारा** | ७७,१९२ | ७९२१३ | १३,२२४ | १३७३७ | १९,३१३ | १९७७९ |
| **पर्सा** | १२१,३६२ | १२२७०३ | ३८,८०५ | ३८३०९ | १५,१९८ | १५२०४ |
| **जम्मा** | ६३१,००५ | ६४१,७३३ | १३७,६३६ | १३९,५१८ | १०२,११२ | १०४,०३३ |

स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र

**माछा उत्पादन**

समीक्षा वर्षमा माछाको उत्पादन ५.२७ प्रतिशतले वृद्धि भई ४३ हजार ३ सय ८६ मे. टन पुगेको छ। गत वर्षको सोही वर्षमा यस्तो उत्पादन ६.४२ प्रतिशतले वृद्धि भई ४१ हजार २ सय १५ मे.टन भएको थियो। समीक्षा वर्षमा सबैभन्दा बढी माछा उत्पादन वृद्धि दर सिराहा जिल्लामा कुल उत्पादनको १५ प्रतिशत तथा सबैभन्दा कम धनुषा जिल्लामा कुल उत्पादनको ०.६४ प्रतिशत रहेको छ। माछा उत्पादन सम्बन्धी विवरण तालिका नं.३.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.५ समीक्षा वर्षमा प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा)**

| जिल्ला | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|
| **सप्तरी** | ३,३०० | ३,४०० |
| **सिराहा** | ३,२९४ | ३,७८८ |
| **धनुषा** | ६,२५५ | ६,२९५ |
| **महोत्तरी** | ५,४८४ | ५,७०७ |
| **सर्लाही** | ५,९२१ | ६१५८ |
| **रौतहट** | ४,८३४ | ४,९५५ |
| **बारा** | ८,६६९ | ९५४६ |
| **पर्सा** | ३,४५८ | ३५३७ |
| **जम्मा** | ४१,२१५ | ४३,३८६ |

स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र


**वनजन्य उत्पादन**

समीक्षा वर्षमा दाउरा उत्पादनमा ९.३८ प्रतिशतले ह्रास आएको छ भने र काठको उत्पादनमा ६.८३ प्रतिशतले वृद्धि भएको छ। समीक्षा वर्षमा काठको उत्पादनमा वृद्धि हुनुमा पूर्व पश्चिम राजमार्ग विस्तारको क्रममा सडक किनारमा काटिएका विभिन्न जातका रुखका काठ बजारमा बिक्री वितरण गरिएको कारण हो।

## ३.४ सिँचाई तथा मौसम

समीक्षा वर्षमा यस प्रदेशको कुल सिंचित क्षेत्रफल १.३७ प्रतिशतले वृद्धि भई २,३४,४१३.३९ हेक्टर पुगेको छ । गत बर्षको सोही वर्षमा यस्तो सिंचित क्षेत्रफल १.१६ प्रतिशतले वृद्धि भएको थियो । यस वर्षमा कुलोद्वारा सिंचित क्षेत्रफलमा २.७१ प्रतिशत, नहरद्वारा सिंचित क्षेत्रफलमा ०.९५ प्रतिशत र पोखरीद्वारा सिंचित क्षेत्रफलमा १०.७७ प्रतिशत वृद्धि भएको छ । गत बर्षको सोही वर्षमा नहर र वोरिङ्गद्वारा सिंचित क्षेत्रफलमा क्रमशः ०.५५ प्रतिशत र ०.६६ प्रतिशतले वृद्धि भएको थियो भने पोखरीद्वारा सिंचित क्षेत्रफलमा ६.११ प्रतिशतले कमी आएको थियो । सिंचित भूमिको क्षेत्रफल सम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट ३.२ : सिचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)




स्रोतः जिल्ला स्थित जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय

## ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा रु.५३ अर्ब ९५ करोड पुगेको छ । गत वर्षको सोही वर्षमा यस्तो कर्जा रु.४४ अर्ब २८ करोड रहेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १२.५५ प्रतिशत रहेको छ । मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जा मध्ये सबै भन्दा बढी कर्जा प्रवाह सर्लाही जिल्लामा १६.४७ प्रतिशत रहेको छ भने सबै भन्दा कम सप्तरी जिल्लामा ७.०३ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका नं.३.६ मा प्रस्तुत गरएको छ ।

**तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा)**

| क्र. सं. | जिल्ला | कृषि कर्जा (रु करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | ३७९.२९ | ७.०३ |

| | | | |
|---|---|---|---|
| २ | सिराहा | ७५७.८८ | १४.०५ |
| ३ | धनुषा | ७१३.१० | १३.२२ |
| ४ | महोत्तरी | ५२२.५६ | ९.६९ |
| ५ | सर्लाही | ८८८.४७ | १६.४७ |
| ६ | रौतहट | ५८१.७६ | १०.७८ |
| ७ | बारा | ६७४.१४ | १२.४९ |
| ८ | पर्सा | ८७८.३१ | १६.२८ |
| | जम्मा | ५३९५.५१ | १००.०० |

स्रोत: नेपाल राष्ट्र बैंक

## ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु.२२ अर्ब ३० करोड पुगेको छ । गत वर्षको सोही वर्षमा यस्तो कर्जा रु.१४ अर्ब ५ करोड रहेको थियो । समीक्षा वर्षमा सहुलियतपूर्ण कर्जा प्रवाहमा ठूलो वृद्धि आउनुमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले सो कर्जा प्रवाह गर्दा धितोमा आधारित भई अन्य कर्जा सरह सहुलियतपूर्ण कर्जा प्रवाह गर्नु प्रमुख कारण देखिन्छ । प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी रु.४ अर्ब ४८ करोड अर्थात् २०.१३ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम रु.१ अर्ब ८ करोड अर्थात् ४.८७ प्रतिशत सप्तरी जिल्लामा रहेको छ । मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा सम्बन्धी विवरण तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.७ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| क्र.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | २८२.८९ | १२.६९ |
| २ | बारा | ३३०.६३ | १४.८३ |
| ३ | रौतहट | १८७.४१ | ८.४० |
| ४ | सर्लाही | ४४८.९० | २०.१३ |
| ५ | महोत्तरी | १८५.५९ | ८.३२ |
| ६ | धनुषा | ३५१.०१ | १५.७४ |
| ७ | सिराहा | ३३५.०५ | १५.०२ |
| ८ | सप्तरी | १०८.५३ | ४.८७ |
| | जम्मा | २,२३०.०१ | १००.०० |

स्रोत: नेपाल राष्ट्र बैंक

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

**चुनौती**

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि यहाँको कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण गरी कृषि पेशालाई सामाजिक रुपमा प्रतिष्ठित र प्रतिस्पर्धी बनाउनु ।
- कृषि पेशालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु र आर्थिक आत्मनिर्भरता बढाउनु ।
- कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु ।
- प्रदेशमा रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन सामूहिक खेतीमा जोड दिई कृषि उत्पादकत्व वृद्धि गर्नु ।
- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।
- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- तरकारी तथा खाद्यबालीमा आत्मनिर्भर बन्न बाँझो रहेका जमिन उपयोगमा ल्याई उत्पादन अभिवृद्धि गरी कृषिबाट जनताको जीवनस्तर उकास्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि उत्कृष्ठ स्थानको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता बढाई कायम राख्न र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यहरू गर्नको साथै सहुलियतहरू उपलब्ध गराउनु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धान उत्पादनको प्रमुख क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु ।
- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएपनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात कायमै रहेकोले भारतबाट आयात हुने बिउलाई निरुत्साहन गर्दै बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भए पनि जनकपुर लगायत ठूला बजार क्षेत्रमा भारतबाट आयातित तरकारीहरूकै दवदवा रहेकाले कार्यक्रम बमोजिम तरकारी खेती गरी तरकारीमा आत्मनिर्भर हुनु ।
- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रमहरू सञ्चालन गरी कृषिको व्यावसायिकरण मार्फत औद्योगीकरणको आधार खडा गर्नु ।

**सम्भावना**

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भए बमोजिम चुनौतीहरू हुँदा हुँदै पनि देहाय बमोजिम अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा समतल भू-भागको साथै उर्वर भूमिको प्रचुरता रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत् खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेश समतल भूमिमा रहेकाले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ नयाँ जातहरूको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।
- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेती समेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दुधजन्य पदार्थको उत्पादन बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचूर सम्भावना रहेको छ ।
- माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लाहरू मध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

- गएको आर्थिक वर्षमा देशको सात प्रदेशहरू मध्ये मधेश प्रदेशमा सबभन्दा बढी खाद्य तथा अन्नबाली उत्पादन भएको देखिएकाले सिँचाईको सुविधा वृद्धि, उन्नत जातको बिउ मल तथा आधुनिक प्रविधि प्रयोग गरेमा यहाँ उत्पादित खाद्य तथा अन्न बालीले मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेद ४


## उद्योग क्षेत्र

### ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

**प्रमुख उद्योगहरूको क्षमता उपयोग**

समीक्षा वर्षमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ५४.२५ प्रतिशत रहेको छ भने गत वर्षको सोही वर्षमा औसत क्षमता उपयोग ६१.५२ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा सुर्तीजन्य वस्तु उद्योगले सबैभन्दा बढी ९१.०५ प्रतिशत र छाला र छालाको समान उद्योगले सबैभन्दा कम १०.२३ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ । गत वर्षको सोही वर्षमा फेब्रिकेटेड धातुको समान उद्योगले सबैभन्दा बढी ९४.७२ प्रतिशत र कागज उद्योगले सबैभन्दा कम १०.७९ प्रतिशत क्षमता उपयोग गरेको थियो । प्रमुख उद्योगहरुको आ.व.२०७८/७९ र आ.व.२०७९/८० को क्षमता उपयोग सम्बन्धी विवरणलाई चार्ट ४.१ मा प्रस्तुगत गरिएको छ ।

चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा)




स्रोतः नमुना छनौटमा परेका उद्योगहरु


समीक्षा वर्षमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने ५ वटा उद्योगहरुमा सुर्तीजन्य वस्तु, पेय पदार्थ, लत्ता कपडा, अन्न तथा पशु दाना, र धातुका उपकरण उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसको क्षमता उपयोग क्रमशः ९३.४२, ९१.९४, ८६.६६, ८६.४६ र ७१.२० प्रतिशत रहेका छन् । गत वर्षको सोही वर्षमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने ५ वटा उद्योगहरुमा लत्ता कपडा, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, अन्न तथा पशु दाना र प्लाष्टिक जन्य उत्पादन गर्ने उद्योगहरु रहेका थिए जसका क्षमता उपयोग क्रमशः ८४.७०, ७१.७७, ६५.२३, ५९.८३ र ५८.८४ प्रतिशत रहेका थिए ।

गत वर्षको तुलनामा समीक्षा वर्षमा लत्ता कपडा, वनस्पती घिउ तथा तेल र अन्य खाद्य पदार्थ उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा क्रमशः १४.७६, २२.३१ र २८.३५ प्रतिशतले ह्रास आएको छ भने बाँकी अन्य उद्योगहरुको क्षमता उपयोगमा वृद्धि भएको छ । गत वर्षको तुलनामा समीक्षा वर्षमा सबैभन्दा बढी क्षमता उपयोगमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा सुर्तीजन्य वस्तु, छाला तथा छालाको सामान, अन्न तथा पशु दाना, धातुका उपकरण र पेय पदार्थ उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसले क्रमशः ३८.७४, ३६.५२, ३२.११, २७.९० र २१.६५ प्रतिशतले क्षमता उपयोगमा वृद्धि गरेका छन् ।

**प्रमुख उद्योगहरूको उत्पादन**

समीक्षा वर्षमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको उत्पादन वृद्धि औसतमा (Average Production Growth) २८.७३ प्रतिशत रहेको छ भने गत वर्षको सोही वर्षमा उत्पादन वृद्धि औसतमा २.१७ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कागज तथा कागजको सामान उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ३३१.५६ प्रतिशतले वृद्धि भएको छ भने धातुका उपकरण उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ४४.७४ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही वर्षमा छाला र छालाको समान उपकरण उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ५१.५१ प्रतिशतले वृद्धि भएको थियो भने प्लाष्टिकजन्य उत्पादन गर्ने उद्योगको उत्पादनमा सबैभन्दा बढी ३९.५० प्रतिशतले ह्रास आएको थियो । प्रमुख उद्योगहरुको आ.व.२०७८/७९ र आ.व.२०७९/८० को उत्पादन वृद्धि सम्बन्धी विवरणलाई चार्ट ४.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट ४.२: प्रमुख उद्योगको उत्पादन वृद्धि (प्रतिशतमा)




स्रोतः नमुना छनौटमा परेका उद्योगहरु

समीक्षा वर्षमा सबैभन्दा बढी उत्पादनमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा कागज तथा कागजको उत्पादन, छाला तथा छालाको समान उत्पादन, प्लास्टिकजन्य उत्पादन, अन्य खाद्य पदार्थ र सुर्तीजन्य बस्तु उत्पादन गर्ने उद्योगहरु रहेका छन् जसका उत्पादन वृद्धि क्रमशः ३३१.५६ प्रतिशत, १२७.१२ प्रतिशत, ५१.२४ प्रतिशत, २१.६८ प्रतिशत र ५.३१ प्रतिशत रहेका छन् । गत वर्षको सोही वर्षमा सबैभन्दा बढी उत्पादनमा वृद्धि गर्ने ५ वटा उद्योगहरुमा छाला र छालाको सामान, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, अन्य रसायनिक पदार्थ र लता कपडा उत्पादन गर्ने उद्योगहरु रहेका थिए जसका उत्पादन वृद्धि क्रमशः ५१.५१ प्रतिशत, ३८.८२ प्रतिशत, १३.७८ प्रतिशत, १३.४९ प्रतिशत र १२.४१ प्रतिशत रहेका थिए ।

समीक्षा वर्षमा धातुका उपकरण, वनस्पती घिउ तथा तेल, अन्न तथा पशु दाना र फेब्रिकेटेड धातुका समान उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः ४४.७४ प्रतिशत, ३१.६४ प्रतिशत, २३.४७ प्रतिशत र १८.६८ प्रतिशतले ह्रास आएको छ भने गत वर्षको सोही वर्षमा वनस्पती घिउ तथा तेल, अन्न तथा पशु दाना र प्लास्टिकजन्य उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः २८.०८ प्रतिशत, १३.७८ प्रतिशत र ३९.५० प्रतिशतले ह्रास आएको थियो ।

## ४.२ औद्योगिक कर्जा स्थिति

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ७.३० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९ अर्ब ५९ करोड पुगेको छ । गत आर्थिक वर्षमा यस्तो कर्जा रु.१ खर्ब २ अर्ब १३ करोड रहेको थियो । समीक्षा वर्षमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६१.०८ प्रतिशत र सबै भन्दा कम सप्तरी जिल्लामा २.३४ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सब भन्दा धैरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले पर्सा जिल्लामा सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

| तालिका ४.१ : जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
| १ | सप्तरी | २५६.४२ | २.३४ |
| २ | सिराहा | ६२०.७२ | ५.६६ |
| ३ | धनुषा | ११४६.६९ | १०.४६ |
| ४ | महोत्तरी | ५८२.७७ | ५.३१ |
| ५ | सर्लाही | ४७४.११ | ४.३३ |
| ६ | रौतहट | ४७६.३९ | ४.३४ |
| ७ | बारा | ७०७.६७ | ६.४६ |
| ८ | पर्सा | ६६९४.७८ | ६१.०८ |
| | जम्मा | १०९५९.८५ | १००.०० |


स्रोत: नेपाल राष्ट्र बैंक

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३१ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादन तर्फ ५ प्रतिशत, निर्माण उद्योगतर्फ ६ प्रतिशत, खानी उद्योगतर्फ २ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ १ प्रतिशत कर्जा प्रवाह भएको छ ।

गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा खानी; धातुको उत्पादन; कृषि, वन तथा पेय पदार्थ उत्पादन, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी र विद्युत, ग्यास तथा पानी उद्योग तर्फको कर्जामा क्रमशः ४६.७४ प्रतिशत, ८.८१ प्रतिशत, १३.१३ प्रतिशत र ३०.०४ प्रतिशतले बृद्धि भएको छ भने निर्माण र धातुका उत्पादन, मेशनरी तथा ईलेक्ट्रोनिक्स उद्योग तर्फको कर्जामा क्रमशः ६.०१ प्रतिशत र ३६.०७ प्रतिशतले ह्रास आएको छ । यस सम्बन्धी विवरण चार्ट नं.४.३ मा प्रस्तुत गरिएको छ ।

चार्ट ४.३: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




स्रोत : नेपाल राष्ट्र बैंक

## ४.४ औद्योगिक क्षेत्रको सम्भावना र चुनौती

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल भागमा रहेकोले ढुवानी लगायत सबै यातायातको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न र उत्पादित सामान विदेश निकासी गर्न र देशै भर पुऱ्याउन तुलनात्मक लाभ रहेको देखिन्छ । यस्तो अवस्था हुँदा हुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिम चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

**सम्भावना**

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।
- मुलुकको सबभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।
- मधेश प्रदेशको सम्पूर्ण दक्षिणी सीमा भारतसँग जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी सस्तो हुने कारण कम लागतमा वस्तु उत्पादन हुन सक्ने र सजिलै भारत निकासी गर्न सक्ने सम्भावना देखिन्छ ।

- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग लगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरू स्थापना गर्न सके यी उद्योगहरूबाट उत्पादित वस्तुहरू देशभरि नै पुर्‍याउन सक्ने प्रचुर सम्भावना देखिन्छ ।
- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गर्न सके वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्न सक्ने सम्भावना देखिन्छ ।
- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा कृषि बालीमा आधारित पिठोजन्य उद्योगहरू स्थापना गर्न सक्ने राम्रो सम्भावना रहेको छ ।

**चुनौती**

- मधेश प्रदेशमा रहेका औद्योगिक क्षेत्रमा विद्युत आपूर्ती व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्ति मार्फत् उद्योग सञ्चालनको वातावरण बनाउनु ।
- बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानहरूमा औद्योगिक क्षेत्रको विकास गर्नु ।
- हरेक वर्ष ठूलो संख्यामा विदेशीने श्रमिकहरूलाई स्थानीय उद्योगहरूमा आकर्षित गरी उत्पादन सुधार गर्नु तथा लागतमा कमी ल्याउनु ।
- औद्योगिक क्षेत्रमा पटक पटक श्रमिक र व्यवस्थापन बिच देखा पर्ने श्रम सम्वन्धमा सुधार गरी उत्पादकत्व बढाउनु ।
- श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षै भरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु ।
- जमिनको मूल्य अत्यधिक वृद्धि भएका कारण नयाँ उद्योग स्थापना गर्न आवश्यक जमिन उपलब्धताको लागि उचित वातावरण तयार गर्नु ।
- उद्योग सञ्चालनको लागि आवश्यक सीप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति गर्नु ।
- श्रमिक, उर्जा तथा कच्चा पदार्थको कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- औद्योगिक उत्पादन लागत कम गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्नु ।
- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू पचास प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले सो को कारण पत्ता लगाई बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु ।

- उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने वातावरण निर्माण गरी स्थानीय उद्योगहरूको उत्पादन क्षमता बढाउनु ।
- मधेश प्रदेशमा कृषि तथा माछा पालनको राम्रो सम्भावना रहेको भएतापनि यिनीहरूको व्यावसायिक उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाउनु ।
- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

परिच्छेद ५

## सेवा क्षेत्र


### ५. सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा वर्षको स्थिति निम्नानुसार रहेको
छ ।

### ५.१ पर्यटन

समीक्षा वर्षमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या ३६.९९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधीमा यस क्षेत्रको रोजगारीमा ७.६५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा पर्यटक आगमनमा ५५.३७ प्रतिशतले वृद्धि भई २५ हजार ३ सय ७३ जना पुगेको छ भने गत वर्षको सोही अवधीमा २९.४१ प्रतिशतले वृद्धि भई सो संख्या १६ हजार ३ सय ३१ मात्र रहेको थियो । समीक्षा वर्षमा पर्यटक आगमन संख्यामा उल्लेखनीय वृद्धि हुनुमा विगत वर्षहरूमा कोभिड-१९ ले पर्यटक आगमन ठप्प रहेकोमा सोको प्रभाव विस्तारै कम हुँदै गएर पर्यटक आवागमनमा सहजता आई सो क्षेत्रको  गतिविधि बढ्नु हो । पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसाय वृद्धि भएकाले यहाँ कार्यरत कर्मचारीहरूको लागि रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ । समीक्षा वर्षको पर्यटक आगमनको संख्या सम्बन्धी विवरणलाई चार्ट नं.५.१ मा देखाइएको छ ।

चार्ट ५.१ : पर्यटक आगमनको संख्या




स्रोतः नमुना छनौटमा परेका होटलहरु

समीक्षा वर्षको कुल पर्यटक आगमन संख्या मध्ये सबै भन्दा बढी क्रमशः भारतीय, तेस्रो मुलुकका नागरिक र चिनीया रहेका छन् । गत वर्षको सोही अवधीमा कुल पर्यटक आगमन संख्या मध्ये ८९.१३ प्रतिशत भारतीय, १.५० प्रतिशत चिनीया र ९.३७ प्रतिशत तेस्रो मुलुकका नागरिक रहेका थिए ।

### धनुषाधाम एवम् धनुष मन्दिर



Source: http://mukthinathyatra2013.blogspot.com/

जनकपुरबाट करिब १८ कि.मि.को दुरीमा धनुषाधाम छ जहाँ धनुष मन्दिर पनि छ । त्रेतायुगमा राजा जनकको दरबारमा रहेको शिव धनुषमा भगवान श्री रामद्वारा स्वयम्बरका समयमा बाँण चढाउन लाग्दा सो धनुष ठुलो आवाज र कम्पन्न सहित विष्फोट भई तीन टुक्रा भएको र धेरै टाढासम्म पुगेको भनाई रहेको छ । यसरी भाँचिएको उक्त धनुषका तीन टुक्राहरुमध्ये एक टुक्रा स्वर्ग गएको, दोश्रो टुक्रा पाताल गएको (पाताल गएको स्थान विद्यमान धनुष सागर बनेको विश्वास गरिन्छ) र तेस्रो टुक्रा हालको धनुषाधाममा खसेको सनातन भनाई रहिआएको छ । उक्त धनुषको टुक्रा खसेको यस स्थानमा धनुष मन्दिर र ५०० वर्षभन्दा पुरानो पिपलको वृक्ष रहेको छ । यहाँको स्थानीयहरुको अनुसार धनुषको आकार प्रत्येक २/३ वर्षमा पूर्व दिशातर्फ बढ्दै गएको छ जसका कारण यस स्थानमा निर्माण गरिएको पर्खाल पटक पटक भत्काई पुर्ननिर्माण गरिएको छ । यस धनुषको दर्शन गर्नाले रामेश्वरधामको दर्शन गरेको फल मिल्ने धार्मिक मान्यता छ । यहाँ मकर संक्रान्ति, रामनवमी, विवाह पंचमी लगायतका अवसरमा श्रद्धालुहरुको अपार भीड लाग्ने गर्दछ ।

## ५.२. सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ७५.२७ प्रतिशतले ह्रास आई १ लाख १० हजार ८६७ पुगेको छ । गत वर्षको सोही वर्षमा यस्तो संख्यामा १७.११ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर जग्गा रजिष्ट्रेशन राजस्व रकम २६.६ प्रतिशतले वृद्धि भई रु.४५ अर्ब ६९ करोड प्राप्त भएको छ । गत वर्षको सोही अवधीमा यस्तो रकम ३३.२२ प्रतिशतले ह्रास आई रु.३६ अर्ब ७ करोड प्राप्त भएको थियो । समीक्षा वर्षमा नक्शा पास स्वीकृत संख्यामा १४.३० प्रतिशतले ह्रास भई ३ हजार ६९२ रहन गएको छ । गत वर्षको सोही अवधीमा यस्तो संख्या ४ हजार १ सय ३ रहेको थियो । यस सम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| क्र.सं. | विवरण | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १३०,००६.०० | ११०,८६७.०० | -७५.२७ |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ४३०८.०० | ३६९२.०० | -१४.३० |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ३६०७.३९ | ४५६९.९५ | २६.६ |

स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय

समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट यस क्षेत्रतर्फ रु.७ अर्ब ३९ करोड कर्जा प्रवाह भएको छ ।

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त सहित) को सञ्चालनमा रहेका कुल शाखा संख्या १ हजार ७ सय ४५ रहेको छ । गत वर्षको सोही अवधीमा यस प्रदेशमा सञ्चालित कुल शाखा १ हजार ६ सय ७ रहेको थियो ।

सञ्चालनमा रहेका शाखाहरू मध्ये वाणिज्य बैंकका ५७२, विकास बैंकका ८४, वित्त कम्पनीका ३८ र लघुवित्त वित्तीय संस्थाहरूको १ हजार ५१ शाखाहरू रहेका छन । जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबै भन्दा बढी बारा जिल्लामा २५० शाखाहरू र सबै भन्दा कम रौतहट जिल्लामा १८० शाखाहरू रहेका छन् । यस सम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : २०८० असार मसान्तसम्मको बैंक तथा वित्तीय संस्थाका सेवाहरु**

| क.सं. | जिल्ला | शाखा संख्या | ATM मेशिनको संख्या | Mobile तथा Internet Banking चलाउनेको संख्या |
|---|---|---|---|---|
| १. | पर्सा | १९२ | ७० | २३०,६७१ |
| २. | बारा | २५० | ५८ | १७४,६०३ |
| ३. | सर्लाही | २२९ | ३९ | १६२,७०५ |
| ४. | रौतहट | १८० | ३१ | १२१२५७ |
| ५. | महोत्तरी | २१५ | ३८ | १३०,१०३ |
| ६. | धनुषा | २४९ | ६२ | २३७,६४१ |
| ७. | सिराहा | २३९ | ६४ | २०६,०६२ |
| ८. | सप्तरी | १९१ | ४० | १२७२४३ |
| | जम्मा | १,७४५ | ४०२ | १३,९०,२८५ |

स्रोत: नेपाल राष्ट्र बैंक

मधेश प्रदेशमा २०८० असार मसान्तसम्ममा ATM मेशिनको संख्या ४०२ वटा पुगेको छ जसमध्ये सबैभन्दा बढी पर्सा जिल्लामा ७० वटा र सबैभन्दा कम रौतहट जिल्लामा ३१ वटा रहेका छन् । त्यसैगरी यस प्रदेशमा Mobile तथा Internet Banking चलाउनेको संख्या १३ लाख ९० हजार २ सय ८५ पुगेको छ ।


## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा वर्षमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधीको तुलनामा १३.२५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ९६ अर्ब ५० करोड पुगेको छ । गत वर्षको सोही अवधीमा यस्तो निक्षेप ५.३५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ८१ करोड पुगेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधीको तुलनामा ४.६८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५० अर्ब २१ करोड पुगेको छ । गत वर्षको सोही वर्षमा यस्तो कर्जा

१६.७० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३० अर्ब ९ करोड पुगेको थियो । यस सम्बन्धी विवरण चार्ट नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट ५.२ : निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा)




स्रोत: नेपाल राष्ट्र बैंक

## ५.५ यातायात

मधेश प्रदेशमा समीक्षा वर्षमा गत वर्षको सोही अवधीको तुलनामा २३.५० प्रतिशतले ह्रास आई थप १ लाख २ हजार २८ सवारी साधन नयाँ दर्ता भएका छन् । समीक्षा वर्षमा सवारी साधनहरू मध्ये मोटरसाइकलको नयाँ दर्ता संख्यामा २५.८८ प्रतिशत र अन्य यातायात साधनको नयाँ दर्ता संख्यामा ५.३८ प्रतिशतले ह्रास आएको छ । यस सम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : मधेश प्रदेशमा यातायात साधनको नयाँ दर्ताको स्थिति**

| क्र.स. | विवरण | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | समीक्षा वर्षको परिवर्तन (%) |
|---|---|---|---|---|---|
| १. | मोटरसाईकल | ९३२८१ | ११७८४० | ८७३३९ | -२५.८८ |
| २. | अन्य | १६४८० | १५५२४ | १४६८९ | -५.३८ |
| | कुल संख्या | १०९,७६१ | १३३,३६४ | १०२,०२८ | -२३.५० |

स्रोत : यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश

## ५.६ शिक्षा तथा स्वास्थ्य

### शिक्षा

समीक्षा वर्षमा सामुदायिक विद्यालयको संख्या २.०२ प्रतिशतले कमी आई ३ हजार २ सय ५४ पुगेको छ। विद्यार्थीको संख्या ६.६९ प्रतिशतले वृद्धि भई १२ लाख ६९ हजार ७ सय ४ पुगेको छ भने शिक्षक/शिक्षिकाको संख्या १०.२३ प्रतिशतले कमी आई १७ हजार २४ पुगेको छ।

समीक्षा वर्षमा संस्थागत विद्यालयको संख्या ०.४१ प्रतिशतले वृद्धि भई ९ सय ६८ कायम भएको छ। संस्थागत विद्यालयमा विद्यार्थी संख्या १३.८१ प्रतिशतले कमी आई २ लाख ५० हजार ८ सय ३६ कायम भएको छ भने शिक्षक/शिक्षिकाको संख्या २.७८ प्रतिशतले वृद्धि भई ७ हजार २ सय १७ कायम भएको छ।

समीक्षा वर्षमा प्राविधिक शिक्षालय अन्तर्गत शिक्षालय संख्या ५.२६ प्रतिशतले कमी आई १ सय २६ पुगेको छ भने विद्यार्थी संख्या २.०२ प्रतिशतले कमी आई १० हजार ६ सय ८१ पुगेको छ। शिक्षक/शिक्षिका संख्या १.९२ प्रतिशतले वृद्धि भई ४ सय ७७ पुगेको छ। समीक्षा वर्षमा विश्वविद्यायलमा आवद्ध भएका क्याम्पस संख्यामा कुनै परिवर्तन भएको छैन अर्थात गत वर्षकै संख्या ७२ वटा कायम रहेका छन्।

**स्वास्थ्य**

समीक्षा वर्षमा सरकारी अस्पतालको संख्या ४० प्रतिशतले वृद्धि भई संख्या २१ वटा पुगेका छन् भने अस्पतालमा कार्यरत सरकारी चिकित्सक संख्या २२.४१ प्रतिशतले वृद्धि भई २ सय ९५ पुगेको छ। त्यसैगरी सरकारी अस्पतालको शैया संख्या ९.८८ प्रतिशतले वृद्धि भई १ हजार ३ सय ३५ पुगेको छ।

समीक्षा वर्षमा निजी अस्पतालको संख्या ८.८७ प्रतिशतले वृद्धि भई १ सय ३५ पुगेको छ भने निजी अस्पतालमा कार्यरत चिकित्सक संख्या १०.८८ प्रतिशले वृद्धि भई ८ सय ६६ पुगेको छ। त्यसैगरी निजी अस्पतालको शैया संख्या ११.२६ प्रतिशतले वृद्धि भई २ हजार ६ सय ५८ पुगेको छ।

## ५.७ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ८.९६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६० अर्ब १३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधीमा यस्तो कर्जा २.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४६ अर्ब ९६ करोड पुगेको थियो। यस सम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| क्र.सं. | विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| १. | यातायात, भण्डारण र संचार | ५६२.९१ | ६,२६ | ५,४८.०८ |

| | | | | |
|---|---|---|---|---|
| २. | थोक तथा खुद्रा विक्रेता | ११,४८३.१० | १३,३९०.४० | १४,१८६.०८ |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ९७४.८७ | ४८८.७६ | ४२४.६६ |
| ४. | पर्यटन | ५१४.६० | ५३९.१९ | ६०९.४५ |
| ५. | अन्य सेवा | ८४५.३५ | २७८.१५ | २४५.४४ |
| जम्मा | | १४,३८०.८३ | १४,६९६.५० | १६,०१३.७१ |

स्रोतः नेपाल राष्ट्र बैंक

समीक्षा वर्षमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जा मध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५२ अर्ब २० करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जाको ३२.६० प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.८ अर्ब ९७ करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जाको ५.६० प्रतिशत रहेको छ । सो वर्षमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोड)**

| क्र.सं. | **जिल्ला** | **रकम** | **जिल्लागत हिस्सा (%)** |
|---|---|---|---|
| १. | पर्सा | ५,२२०.३० | ३२.६० |
| २. | बारा | १,३९५.९० | ८.७२ |
| ३. | रौतहट | १,२१९.९९ | ७.६२ |
| ४. | सर्लाही | १,४२९.४२ | ८.९३ |
| ५. | महोत्तरी | १,३४२.९२ | ८.३९ |
| ६. | धनुषा | २,५२०.५० | १५.७४ |
| ७. | सिराहा | १,९८७.२९ | १२.४१ |
| ८. | सप्तरी | ८९७.३२ | ५.६० |
| जम्मा | | १६,०१३.७१ | १०० |

स्रोतः नेपाल राष्ट्र बैंक


## ५.८ सहकारी क्षेत्र

यस प्रदेशमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्था मध्ये नमुना छनौट गरिएका १० वटा ठूला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ ।

- २०८० असार मसान्त सम्ममा छनौटमा परेका सहकारीहरुको कुल पुँजी २.९६ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ६१ करोड ८४ लाख पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही वर्षमा यस्तो वृद्धिदर १५.८० प्रतिशत रहेको थियो ।

- २०८० असार मसान्त सम्ममा छनौटमा परेका सहकारीहरुको कुल बचत रु.५ अर्ब ७६ करोड २२ लाख पुगेको छ ।
- २०८० असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाह ९.४१ प्रतिशतले ह्रास आई रु.५ अर्ब २९ करोड २३ लाख पुगेको छ । गत वर्षको सोही वर्षमा ऋण प्रवाह २१.३५ प्रतिशतले वृद्धि भएको थियो ।
- २०८० असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या ६.९४ प्रतिशतले ह्रास आई ६० हजार ९ सय २८ पुगेको छ ।
- २०८० असार मसान्त सम्ममा छनौटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा २.०८ प्रतिशतले ह्रास भएको छ । गत वर्षको सोही वर्षमा कर्मचारी संख्यामा ३.६० प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ५.३ पूँजी, बचत र ऋण लगानीको अवस्था (दश लाखमा)




स्रोत : सम्बन्धित सहकारी संस्थाहरु

## ५.९ सेवा क्षेत्रको सम्भावना र चुनौती

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू धेरै रहेकाले यसलाई सरसफाई गरी जल मनोरञ्जनको दृष्टिले उपयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको समेत स्थापना गर्न सकेमा शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा समेत राम्रो सम्भावना बोकेको प्रदेशको रुपमा देखिन्छ । तथापि यस क्षेत्रको विकासमा यहाँ देहाय बमोजिम चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

**सम्भावना**

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेकाले यस्ता पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सक्ने राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सोको लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा ताल तलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- मधेश प्रदेशमा अधिकांश भूभाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने उच्च संभावना रहेको देखिन्छ ।
- मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

**चुनौती**

- मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।
- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि तथा उत्पादकत्व वृद्धि गर्नु ।
- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।
- मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।
- मधेश प्रदेशमा हुने आन्तरिक तथा बाह्य दुवै किसिमको गुणस्तरीय पर्यटकहरूको आगमन वृद्धि गर्न आवश्यक सुधार गर्नु ।

- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको बसाई वर्ष लम्ब्याउनु ।
- स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

# परिच्छेद : ६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको काम द्रुत गतिमा अघि बढिरहेको छ भने जयनगर–जनकपुर कुर्था रेल्वे सञ्चालनमा आएको छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि हुने, जयनगर जनकपुर कुर्था रेलवेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै वर्दिवाससम्म पुऱ्याउन काम अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रमा वृद्धि हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याएको पाईन्छ । स्थानीय आवश्यकता अनुरुपको विकास निर्माणको पहिचान, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिन पूर्वाधार निर्माणको गतिमा अझ तीव्रता आउने अनुमान गरिएको छ ।

### जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई २०७८ चैत २० गतेदेखि सञ्चालनमा आएको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत् रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरीद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ । यस हिसाबले दैनिक रुपमा रेलको यात्री संख्या २ हजार ५ सय देखि ३ हजार रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ । कुर्था-विजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको रहेतापनि भौतिक प्रगति फितलो रहेको छ । भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ ।

**काठमाडौं-तराई मधेश द्रुतमार्ग**

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णय अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको हो । नेपाली सेनालाई आयोजना हस्तान्तरण भए पश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढाइएको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ गते स्वीकृत भईसकेको छ । यसको लम्बाई ललितपुरको खोकना देखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेन सहितको जम्मा ७२.५ कि.मि. रहेको छ । यस सडकको कुल लम्बाई मध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेकोछ । काठमाडौ-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौको प्रतिवेदन अनुसार आ.व. २०७९/८० सम्ममा आयोजनाको निम्ति रु.४९ अर्ब २३ करोड बजेट मात्र खर्च भएको छ । आ.व. २०७९/८० अन्त्यसम्ममा सो आयोजनाको भौतिक प्रगति २५.५४ प्रतिशत भएको देखिन्छ । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत् आपूर्ति सहज हुन नसकेकोले काममा केही ढीलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

**हुलाकी राजमार्ग**

आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा म्याद बढाएर २०८२/८३ पुर्याइयो । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत रु.६५ अर्ब २० करोड रहेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन अनुसार हालसम्मको समष्टिगत भौतीक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत रहेको छ । हालसम्ममा

कुल १ हजार ३९ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने बाँकी ४ सय कि.मि. सडक र ४५ वटा पुल निर्माणाधीन अवस्थामा रहेको छ ।

**निजगढ अन्तर्राष्ट्रिय विमानस्थल**

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बिच सम्पन्न सम्झौता अनुसार निजगढमा एयरपोर्ट सिटी सहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार यसको अनुमानित लागत रु.७ खर्ब रहेको थियो । सोही विवरण अनुसार राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढिरहेको यस आयोजनाको स्वीकृत कुल लागत रु.१ खर्ब ६५ अर्ब रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार गर्ने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रणको कार्य सम्पन्न गरेको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्वासी वस्तीको घर जग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागी १ हजार ९ सय हेक्टर क्षेत्रफल भित्र पर्ने रुख पोलको लागत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको Detail Feasibility Study तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरू टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु र सम्मानित सर्वोच्च अदालतले निर्माणमा रोक लगाउनु पनि रहेको छ ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारी सम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारका विभाजन गरी अध्ययन गरिएको छ ।

**वैदेशिक रोजगारी**

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी वैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक वर्ष २०७९/०८० को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ८१ हजार ६ सय १३ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २३.५५ प्रतिशत हो । यस सम्बन्धी विवरण तालिका नं.६.१ मा प्रस्तुत गरिएको छ ।

| तालिका ६.१ : श्रम स्वीकृति लिनेहरूको संख्या | | | | |
|---|---|---|---|---|
| क.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
| १. | सप्तरी | २१,४७३ | २.७८ | ७,७१,३२७ |
| २. | सिराहा | २९,९२० | ३.८७ | |
| ३. | धनुषा | ३९,५७९ | ५.१३ | |
| ४. | महोत्तरी | २८,८७१ | ३.७३ | |
| ५. | सर्लाही | २४,०३५ | ३.१८ | |
| ६. | रौतहट | १५,२९१ | १.९७ | |
| ७. | बारा | १४,६१३ | १.८९ | |
| ८. | पर्सा | ७,८३१ | १.०१ | |
| | जम्मा | १,८१,६१३ | २३.५५ | |

स्रोत : श्रम विभाग, वार्षिक प्रतिवेदन २०७९/८०

**आन्तरिक रोजगारी**

आन्तरिक रोजगारी अन्तर्गत यस आर्थिक वर्षमा संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजना मार्फत मधेश प्रदेशमा सञ्चालन गरेका रोजगारमूलक कार्यक्रमहरू देहाय बमोजिमा रहेका छन् ।

- सङघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेका मधेश प्रदेशका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि तराई मधेश समृद्ध कार्यक्रम सञ्चालन गरेको थियो ।
- स्थानीय तहमा संचालित सार्वजनिक बिकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत् सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सृजना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।
- यस आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट संचालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सृजना गर्ने कार्यक्रम समावेश गरेको छ ।
- कोभिड-१९ को कारण वैदेशिक रोजगार गुमाएर घर फर्किएका युवाहरूको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत् रोजगारका अवसरहरू श्रृजना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम संचालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियतका सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू संचालन गरी स्वरोजगारका अवसर श्रृजना गर्ने कार्यक्रम अघि बढेको छ ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका सम्भावना र चुनौती

मधेश प्रदेशको भौगोलिक धरातल उपयुक्त रहेकाले ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी श्रृजना हुने अवसर देखिन्छ । यसका साथै पुर्व पश्चिम राजमार्ग विस्तार तथा काठमाडौलाई तराईसँग जोड्ने फाष्ट ट्रयाक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर श्रृजना गर्न केही टेवा पुग्ने देखिन्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भईसकेको भए पनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजनाहरू अघि बढिरहेका छन् भने हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । यद्यपि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

**सम्भावना**

- मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अर्न्तराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ ।
- कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशको भौगोलिक सुगमता तथा यहाँको आर्थिक रुपले सक्रिय जनशक्तिको लाभ लिँदै कृषि र उद्योगको विकासमार्फत् पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।

- उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासलाई प्रयोग गरी यहाँको जनशक्ति तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत् लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा पुग्न सक्ने सम्भावना रहेको देखिन्छ ।

- नमधेश प्रदेशमा सरकारी, गुठी र निजी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुल्ला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमिनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुल्ला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

**चुनौती**

- मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु ।
- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गर्नु ।
- सार्वजनिक-निजी-साझेदारी कार्यक्रममार्फत् ठूला पूर्वाधार कार्यक्रम तथा औद्योगिक क्षेत्रमा लगानी अभिवृद्धि गर्नुका साथै रोजगारी श्रृजना गर्नु ।
- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।
- राष्ट्रिय गौरव लगायत ठूला पूर्वाधार क्षेत्रको निर्माणको लागि विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्नु ।
- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठुला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।
- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।
- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु ।

- पुर्व पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै काम सम्पन्न गर्नु ।
- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु ।
- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।
- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सृजना गर्नु ।

# परिच्छेदः ७

## प्रादेशिक कार्यक्रम तथा योजना

### ७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति

- आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारले कुल रु.२६ अर्ब ९३ करोड बजेट विनियोजन गरेको छ। गत बर्ष सोहि अवधीमा रु.२२ अर्ब ४२ करोड बजेट विनियोजन गरेको थियो। आर्थिक वर्ष २०७९/८० मा चालु खर्चतर्फ कुल रु.१० अर्ब ७२ करोड बजेट विनियोजन गरेको छ भने पुँजीगततर्फ कुल रु.१६ अर्ब २१ करोड गरेको छ। गत बर्ष सोहि अवधीमा चालु खर्चतर्फ रु.१० अर्ब ३३ करोड बजेट विनियोजन गरेको थियो भने पुँजीगततर्फ कुल रु.११ अर्ब ९२ करोड र वित्तीय खर्च तर्फ रु.१६ करोड विनियोजन गरेको थियो।
- मधेश प्रदेश सरकारले आ.व.२०७९/८० मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कर रु.१० अर्ब ४० करोड , गैर करबाट रु.२ अर्ब १२ करोड, अनुदानबाट रु.१४ अर्ब ८३ करोड र अन्यबाट रु.२ अर्ब ९ करोड परिचालन गरेको छ। गत बर्ष सोहि अवधीमा करबाट रु.११ अर्ब ६६ करोड , गैर करबाट रु. १ अर्ब ४० करोड, अनुदानबाट रु.१५ अर्ब १० करोड र अन्यबाट रु.२ अर्ब १८ करोड परिचालन गरेको थियो।
- आ.व.२०७९/८० मा मधेश प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, समपूरक, विशेष र सशर्त अनुदान गरी कुल रु.३ अर्ब ५५ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेको छ भने गत वर्ष सोहि अवधीमा यस्ता प्रकारको अनुदान कुल रु.३ अर्ब ५५ करोड अनुदान प्राप्त गरेको थियो।

### ७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

समीक्षा वर्षमा यस अध्ययनको लागि छनोट गरिएका मधेश प्रदेशका स्थानीय तहहरुले विनियोजित कुल बजेटको ७३.५४ प्रतिशत रकम खर्च गरेका छन् जसमध्ये चालु खर्च तर्फ विनियोजित बजेटको ७५.१३ प्रतिशत रकम खर्च भएको छ। आ.व. २०७८/७९ मा विनियोजित कुल बजेटको ८५.२९ खर्च गरेको थियो जसमध्ये चालु तर्फ ९१.६५ प्रतिशत रकम खर्च गरेको थियो। समीक्षा वर्षमा ती स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही वर्षको तुलनामा १३.७७ प्रतिशतले घटेको देखिन्छ।

**तलिका ७.१ मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति**

| शिर्षक | उप-शिर्षक | आ.ब २०७८/७९ बजेट | | आ.ब २०७९/८० बजेट | | प्रगाति ( प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक (साउन-असार) | बजेट | वास्तविक (साउन-असार) | ७८/७९ (साउन-असार) | ७९/८०_ ( साउन -असार) | वृद्धिदर |
| | **कुल खर्च** | **१,०७४.०८** | **९१६.१२** | **१,०३२.५५** | **७५९.२९** | **८५.२९** | **७३.५४** | **-१३.७७** |
| **खर्च ( रु.करोडमा)** | **चालु** | ५२१.५६ | ४७८.०१ | ५८२.७२ | ४३७.७९ | ९१.६५ | ७५.१३ | -१८.०३ |
| | **पुंजीगत** | ५५२.५२ | ४३८.११ | ४४९.८३ | ३२१.५० | ७९.२९ | ७१.४७ | -९.८६ |
| **राजस्व ( रु.करोडमा)** | **कुल प्राप्ती** | **७००.६५** | **४५९.५९** | **४०९.३७** | **३७३.१३** | **६५.६०** | **९१.१४** | **३८.९४** |
| | **कर** | ४५२.३० | २२९.५३ | २४७.०९ | २२०.७८ | ५०.७५ | ८९.३५ | ७६.०५ |
| | **गैरकर** | २४८.३५ | २३०.०६ | १६२.२८ | १५२.३५ | ९२.६४ | ९३.८८ | १.३३ |
| | **कुल अनुदान तथा हस्तान्तरण** | **४९६.३०** | **४२२.१४** | **५१४.३७** | **४४०.८३** | **८५.१०** | **८५.७६** | **०.७७** |
| **अनुदान तथा हस्तान्तरण (रु.करोडमा)** | **समानीकरण** | १६६.५९ | १३९.०३ | १८९.५४ | १५०.८५ | ८३.४६ | ७९.५९ | -४.६३ |
| | **समपूरक** | १५.८७ | १३.२९ | १३.२० | ११.७० | ८३.७४ | ८८.६४ | ५.८३ |
| | **विशेष** | २३.३२ | १८.१३ | १५.३६ | १२.४६ | ७७.७४ | ८१.१२ | ४.३४ |
| | **सशर्त (चालु)** | २८५.३५ | २४६.५२ | २९६.२७ | २५७.३१ | ८६.३९ | ८६.८५ | ०.५२ |
| | **सशर्त ( पुँजीगत)** | ५.१७ | ५.१७ | ५.३९ | ८.५१ | १००.00 | १५७.८८ | ५७.८८ |

स्रोत : ५ वटा स्थानीय तहहरुको, वार्षिक प्रतिवेदन २०७९/८०

- मधेश प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले समीक्षा वर्षमा अनुमानित राजस्वको ९१.९४ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोहि वर्षमा परिचालन गरेको राजस्वको तुलनामा ३८.९४ प्रतिशतले बढेको देखिन्छ ।
- समीक्षा वर्षमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरण वापत अनुमान गरेको रकमको ८५.७६ प्रतिशले प्राप्ती गरेका छन् । उक्त प्रगति अघिल्लो वर्षको सोही वर्षको तुलनामा ०.७७ प्रतिशले बढेको देखिन्छ ।

# परिच्छेदः ८

## आर्थिक परिदृश्य

### ८.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत् प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा मधेश प्रदेशमा समीक्षा वर्ष तथा आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ । उद्योग क्षेत्रको गतिविधि समीक्षा अवधीमा घटेको देखिन्छ । तर पनि विकास निर्माण लगायत भौतिक पूर्वाधारको क्षेत्रमा हुने काम सम्पन्न हुन नसकी पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसकेकोले आर्थिक वर्ष २०७९/८० मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहेको छ ।

#### कृषि तथा वनजन्य उत्पादन

मधेश प्रदेशमा धानले ढाकेको क्षेत्रफल बढेको, तेलहन बाली लगाएको क्षेत्रफल बढेको, सिञ्चित जमिनको क्षेत्रफल विस्तार भएको र उन्नत बिउ बिजनको प्रयोग बढेको भएतापनि समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको, तर प्राय हिउँद समयमा वर्षा नभएकोले आगामी दिनमा हिउँदे कृषि बाली र अन्य मौसमका अन्न बालीहरूको उत्पादन घटेको देखिन्छ । मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिँचाई आयोजना लगायत परम्परागत सिँचाई प्रणाली पनि विस्तार भइरहेकोले आगामी वर्षहरूमा सिँचाईको सहज उपलब्धताले कृषि बालीको उत्पादनमा थप वृद्धि हुने अनुमान रहेको छ ।

साथै, हाँस तथा कुखुरा पालन, राँगा तथा बाखापालन व्यवसाय बढ्नुका साथै श्रोत केन्द्र स्थापना भएको, माछापालन व्यवसायका लागि पोखरीहरूको संख्या बढेको आदि कारणहरूले गर्दा आगामी दिनमा दुध, अण्डा, माछा तथा मासु उत्पादनमा समेत वृद्धि हुने देखिन्छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन; सिराहा, धनुषा र सर्लाही जिल्लालाई धानको जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन; सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिउ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसान क्षमता विकास कार्यक्रम संचालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान आउँदो दिनमा क्रमशः बढ्दै जाने देखिन्छ ।

स्यालो ट्युब वेलबाट सिञ्चित जमिनको क्षेत्रफल बढेको, ब्लक तथा पकेट कार्यक्रमबाट सिँचाई तथा कृषि यान्त्रिकीकरण जस्ता व्यवसायिक खेतीका पूर्वाधारहरू बनेको, तरकारी खेतीहरूमा अनुदान प्राप्त भई व्यवसायिक तरकारी खेतीतर्फ किसानहरू अग्रसर रहेकोले उत्पादन परिमाण र खेती गरिएको क्षेत्रफल बढ्ने

सम्भावना रहेको छ । तरकारी र फलफूल स्वरोजगार कार्यक्रम, उन्नत जातको बीउबिजन, कस्टम हायरिङ जस्ता सुविधाहरूले तरकारी तथा फलफूल उत्पादनमा थप राहत हुने देखिन्छ ।

मधेश प्रदेशको धेरै भागहरू चुरे वन क्षेत्र अन्तर्गत रहेको हुँदा यहाँका वनबाट न्युन वन पैदावार उत्पादन भैरहेको र वनजन्य उत्पादनमा वृद्धि हुन सक्ने अवस्था रहेको देखिँदैन भने नयाँ वनक्षेत्रबाट काठ कटान हुने सम्भावना समेत नरहेकोले वनजन्य उत्पादन यथास्थितिमा नै रहने अनुमान रहेको छ ।

**औद्योगिक उत्पादन**

विश्वव्यापी रुपमा बढेको कोभिड-१९ को संक्रमण विस्तारै घट्दै गएतापनि रुस र युक्रेन युधको कारण विगत केही समय यता औद्योगिक गतिविधिहरू विस्तार भएपनि पेट्रोलियम ईन्धनहरुको मूल्य बढदै गएको, बैंकको ब्याजदर बढदै गएकोले उत्पादन क्षमताको उपयोगितामा ह्रास आएको छ ।

कच्चा पदार्थहरूको आपूर्ति सहज हुन नसकेकोले तथा आर्थिक शिथिलताको कारणले निर्माण कार्य ठप्प रहेकोले समीक्षा अवधीमा औद्योगिक गतिविधि विस्तार नभएको र औद्योगिक उत्पादन घटदै गएको देखिन्छ । प्रदेशभित्र सञ्चालित वनस्पत्रि घिउ तथा तेल, चामल पिठो, पेय पदार्थ, सिमेन्ट, फलामको छड, औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोगको अवस्था विगतको तुलनामा ह्रास आएको देखिन्छ ।

**सेवा क्षेत्र**

कुल गार्हस्थ्य उत्पादनमा गत आर्थिक वर्षमा तथा चालु वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने देखिन्छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरूको सञ्चालन क्षमतामा विस्तार हुन थालेको, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि बढ्न थालेको, हवाई तथा स्थल यातायातका यात्रु संख्या बढेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना रहेको छ । मधेश प्रदेशमा निर्मित भरत तालले धेरै स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गर्न थालेको तथा जयनगर जनकपुर कुर्था रेलवे सञ्चालनले मधेश प्रदेशको यातायात तथा पर्यटनमा टेवा पुऱ्याउने देखिएकाले सेवा क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरू बढ्ने अनुमान रहेको छ ।

**पूर्वाधार क्षेत्र**

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत जयनगर कुर्था रेलवेको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको, हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको र सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेकोले सो को अन्तिम चरणमा सर्लाही जिल्लास्थित बागमती सिँचाई आयोजनास्थलमा पुऱ्याई बाँध विस्तार गरिने भएकोले आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा केही प्रगति हुने देखिन्छ ।